# सनातन संयुक्त मोर्चा नेपालको अन्तरिम कार्यविधि तथा आचार- संहिता-२०८२

**प्रस्तावना**

नेपाली सभ्यताको विरासत् सनातन हिन्दु, बौद्ध, किराँत, जैन, सिख, वोन र प्रकृति-पूजक धर्म-संस्कृति तथा परम्पराहरूमा आधारित रहेको छ । यस ऐतिहासिक विरासतको रक्षाका लागि नेपाललाई वैदिक सनातन हिन्दु राष्ट्रका रूपमा स्थापित गरी यहाँको मौलिक धर्म, संस्कृति, परम्परा, सभ्यता तथा राष्ट्रिय पहिचानको संरक्षण गर्ने, तथा सनातन मूल्यमा आधारित स्वदेशमा काम गरेर खान पाउने राज्य व्यवस्था निर्माणको महान् लक्ष्यका साथ "सनातन संयुक्त मोर्चा नेपाल २०८२" को स्थापना भएको छ । यस मोर्चाले शान्तिपूर्ण, वैधानिक र संगठित ढङ्गले आफ्नो उद्देश्य प्राप्तिका लागि निरन्तर कार्य गर्नेछ । यस अभियानलाई सुव्यवस्थित, मर्यादित र अनुशासित बनाउन तथा यसका सम्पूर्ण संरचनाहरू (केन्द्र, प्रदेश, क्षेत्र, नगर, गाउँ र विदेश स्थित सम्पर्क कार्यालय) लाई एकरूपतामा बाँध्नका लागि यो आचारसंहिता तयार पारिएको छ । यो आचारसंहिता मोर्चाको नीति, कार्यक्रम र उद्देश्यको आधार स्तम्भ हुनेछ ।

## धारा १: संगठनको स्वरूप र दर्शन

सनातन संयुक्त मोर्चा, सनातन वैदिक मूल्य र राष्ट्रनिष्ठामा आधारित साझा आन्दोलनको संयुक्त मोर्चा हो । वेद, उपनिषद्, गीता, रामायण, त्रिपिटक र मुन्धुम लगायत सनातनी मूल्यमा आधारित ज्ञान-विज्ञान, जीवन पद्धति , गुरु-शिष्य परम्परा, ऋषि नीति तथा सनातनी अनुशासन यसका मार्गनिर्देशक तत्त्वहरु हुन् । राष्ट्र प्रथम, धर्म सर्वोपरि र संगठन पूर्ण अनुशासित – यसको मूलमन्त्र रहनेछ ।

## धारा २: उद्देश्य

१.) वैदिक सनातन हिन्दु राष्ट्रको पुनर्स्थापना: नेपाललाई प्राचीन गौरव र राष्ट्रिय पहिचान अनुरूप संवैधानिक रुपमा वैदिक सनातन हिन्दु राष्ट्रका रूपमा स्थापित गर्न वैधानिक र शान्तिपूर्ण अभियान सञ्चालन गर्ने ।

२.) धर्म, संस्कृति, परम्परा र सभ्यताको संरक्षण: नेपालमा बढ्दो सांस्कृतिक तथा वैचारिक आक्रमणको संगठित प्रतिकार गर्दै देशको मौलिक धर्म र संस्कृतिमा आधारित मन्दिर, गुम्बा, चैत्य, मान्गेंन एवं सभ्यताको पुनर्जागरण र सनातन परम्पराको संरक्षण, सम्वर्द्धन र विकास गर्ने ।

३.) नैतिक र आध्यात्मिक जागरण: वेद, उपनिषद्, गीता, रामायण, मुन्धुम, त्रिपिटक र मौलिक दर्शनमा आधारित व्यक्ति, परिवार, समाज र राष्ट्र निर्माण गर्न हरेक समुदाय, मन्दिर, गुम्बा, विहार, विद्यालय र टोल टोलमा नियमित सनातन सत्सङ्ग, योग, ध्यान, जनजागरण, अन्तर्क्रिया तथा आध्यात्मिक गोष्ठीहरु संचालन गर्ने ।

४.) राज्य संरक्षित आत्मनिर्भर अर्थतन्त्रको स्थापनाः हरेक नागरिकले स्वदेशमा काम गरेर खान पाउने व्यवस्था एवं स्वदेशी स्रोत, साधन र सिपमा आधारित राज्य संरक्षित अर्थतन्त्र स्थापित गर्ने ।

५.) सामाजिक सद्भाव र एकताः धार्मिक सह अस्तित्व एवं धार्मिक सहिष्णुता, आपसी सद्भाव र राष्ट्रिय एकताको भावनालाई सुदृढ गर्दै नेपालको भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षा गर्ने ।

**धारा ३: कार्यनीति**

१)सम्पूर्ण सनातनीहरुलाई केन्द्रदेखि वडासम्म एकताबद्ध गर्न चरणबद्ध अभियान, सत्सङ्ग, योग, ध्यान, गोष्ठी, धर्मसभा, जनसभा र प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गर्दै राष्ट्रिय झण्डा र ॐको झण्डा मुनि सशक्त सनातनी शक्ति निर्माण गर्ने ।

२) संचार माध्यम , सामाजिक सञ्जाल र प्रचार यन्त्रद्वारा जनचेतना जगाउँदै सनातन ज्ञान र दर्शनको पुनरुत्थान तथा पुनर्जागरणको आवश्यकता र महत्त्वलाई देश, विदेशमा दर्शाउने ।

३) सनातन धर्मदर्शनमा आधारित साझा निर्णायक शक्तिका रुपमा सनतान मोर्चालाई स्थापित गर्ने ।

४) अहिंसात्मक शान्तिपूर्ण आन्दोलन मार्फत लक्ष्यप्राप्ति गर्ने ।

**धारा ४: संगठन संरचना**

१) मार्गदर्शक अध्यक्ष मण्डल

२) कार्यसम्पादन समिति

३) सल्लाहकार परिषद्

४) सनातन प्राज्ञिक /बौद्धिक मन्च

५) उपाध्यक्ष मण्डल

६) महासचिव

७) सहमहासचिव

८) सचिव

९) प्रवक्ता तथा सहप्रवक्ता

१०) सचिवालय सदस्य

१११)	केन्द्रीय  समिति

१२)	उपत्यका विशेष (आन्दोलन परिचालन केन्द्र ५ मुख्य र केन्द्रहरु)  समिति

१३)	प्रदेश

१४)	जिल्ला, क्षेत्र, नगर, वडा, आधार समितिहरू

१५)	विभागहरूः

क)	अन्तर्राष्ट्रिय सनातन सम्पर्क विभाग

ख)	प्रचार विभाग

ग)	आर्थिक विभाग

घ)	थर, गोत्र,तथा शिल्पी संघ सस्था समन्वय विभाग

ङ)	धार्मिक संघ सस्था समन्वय विभाग

च)	सनातन सुरक्षा विभाग

छ)	राजनैतिक विभाग

ज)	संगठन  विभाग

झ)	जनसंगठन(शुभेच्छुक) तथा पेशागत संगठन विभाग

ञ)	सम्पर्क विभाग

ट)	सनातन सत्सङ्ग तथा योग ध्यान विभाग

ठ)	प्रशिक्षण विभाग

ड)	अनुशासन विभाग

**धारा ५: मार्गनिर्देशक अध्यक्ष मण्डल**

संगठनलाई अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति निर्धारण, वैचारिक, सैद्धान्तिक, शास्त्रीय मार्गदर्शन गर्नका लागि देशका  सिद्ध सन्त- महात्माहरू सम्मिलित एक मार्गदर्शक अध्यक्ष मण्डल गठन हुनेछ ।

**काम, कर्तव्य र अधिकार**

१) धर्म-संस्कृति, सभ्यता, भाषा र दर्शनका सवालमा दीर्घकालीन नीति निर्धारण, वैचारिक, सैद्धान्तिक शास्त्रीय मार्गदर्शन गर्ने।

२) राष्ट्र, धर्म र संगठनका लागि आवश्यक दीर्घकालीन मार्गदर्शन गर्ने।

३) कार्यसम्पादन समितिलाई आवश्यक निर्देशन गर्ने ।

४) सनातन हिन्दू राष्ट्र नेपाल निर्माण गर्न चाहना राख्ने उच्च स्तरीय सन्त एवं महन्तहरुसँग आवश्यक सहकार्य गर्ने ।

**धारा ६ : कार्यसम्पादन समिति**

आन्दोलन तथा संगठनका सम्बन्धमा सम्पूर्ण विषयहरु उपर अन्तिम निर्णय गर्ने कार्यकारिणी समितिका रुपमा कार्यसम्पादन समिति हुनेछ । केन्द्रीय सचिवालय सदस्यहरु मध्ये समय व्यवस्थापन गर्न सक्ने, संगठन निर्माण र परिचालनमा क्षमता राख्ने तथा मोर्चाको उदेश्य प्राप्तिका लागि दृढ इच्छाशक्ति भएका बडीमा २७ सदस्य समिति रहनेछ ।

**काम,कर्तव्य र अधिकार**

१) मार्गदर्शक अध्यक्ष मण्डलसँगको परामर्श लिएर संगठन संचालनका सम्बन्धमा आवश्यक नीति, निर्माण, कार्यक्रम, अभियान र प्रस्ताव निर्माण गर्ने।

२) सचिवालय तथा विभागीय कामहरु अनुगमन तथा आवश्यक निर्देशन गर्ने।

३) संगठन निर्माण, परिचालन र आन्दोलन सञ्चालनसम्बन्धी महासचिवले पेश गरेका सम्पूर्ण प्रस्तावनाहरु उपर अन्तिम निर्णय गर्ने ।

४) विभिन्न विभाग र पदाधिकारीको काम कारवाहीको अनुगमन तथा निर्देशन गर्ने ।

५) यस कार्यविधिमा अन्यत्र कतै नतोकिएको सम्पूर्ण काम यसै समितिको दायित्व हुनेछ ।

**धारा ७: सल्लाहकार परिषद्**

सनातन धर्म, संस्कृति, परम्परा र सभ्यताको रक्षा तथा विकासमा योगदान पुर्याएका उच्च व्यक्तिहरुमध्ये मोर्चालाइ आवश्यक सुझाव, सल्लाह दिनका लागि केन्द्रमा ३ जनाको अध्यक्ष मण्डलसहित अधिकतम १५ सदस्यीय, प्रदेशमा र जिल्लामा ९ सदस्यीय र स्थानीय तहदेखि वडासम्म आवश्यकता अनुसार सल्लाहकार समिति गठन हुनेछ ।

**धारा ८: सनातन प्राज्ञिक /बौद्धिक मन्च (थिंक- ट्याङ्क)**

सनातनी ज्ञान सत्ता, अर्थ सत्ताको र राजनैतिक सत्ताको सवालमा संगठन तथा नेतृत्वहरुलाई आवश्यक पर्ने तत्कालीन, मध्यकालीन र दीर्घकालीन रणनीति / योजना निर्माण गर्न सघाउने, सैद्धान्तिक प्रशिक्षण प्रदान गर्ने, राष्ट्र संचालनको लागि आवश्यक पर्ने विषयहरुको दस्तावेजीकरण र आन्दोलनको वैचारिक वैधता राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रसार गर्नका लागि सनातनी दर्शनका उच्च अध्येता र ज्ञाताहरु मध्येबाट केन्द्रमा ९ सदस्यीय सनातन बौद्धिक मञ्च गठन हुनेछ साथै आवश्यकता अनुसार प्रदेश, जिल्ला, नगर र वडासम्म गठन हुनेछ ।

**धारा ९ : उपाध्यक्ष मण्डल**

धार्मिक-सांस्कृतिक तथा राजनैतिक उद्देश्यमा आधारित राष्ट्रिय स्तरमा संगठन भएका संघ, सस्था, दलका अध्यक्ष वा अध्यक्षले तोकेका व्यक्ति तथा कार्यसम्पादन बैठकको दुई तिहाई बहुमतले अनुमोदन गरेका विशिष्ट व्यक्ति उपाध्यक्ष मण्डलको सदस्य रहनेछन् ।

**काम ,कर्तव्य र अधिकार**

१) तोकिएको विभागीय नेतृत्व र आन्दोलनका केन्द्रहरुमा माथिल्लो स्तरबाट संयोजनकारी भूमिका निर्वाह गर्ने ।

२) रणनीतिक निर्णयमा संगठनलाई गतिशीलता प्रदान गर्ने।

३) मार्गदर्शक अध्यक्ष मण्डलले गरेकाका निर्देश र कार्यसम्पादन समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्न सघाउने ।

४) कार्यसम्पादन बैठकले निर्णय गरेका विशेष अभियानको नेतृत्व गर्ने।

५) सचिवालय र कार्यसम्पादनसँग समन्वय गर्ने ।

**धारा १० . महासचिव**

मार्गनिर्देशक अध्यक्ष मण्डल र उपाध्यक्ष मण्डलको सल्लाह तथा परामर्शमा सङ्गठन परिचालन र आन्दोलन सञ्चालनको मुख्य नेतृत्व गर्न कार्यसम्पादन बैठकबाट योग्य सदस्यमध्ये १ जना चयन हुने ।

**काम,कर्तव्य र अधिकार**

१) मार्गनिर्देशक अध्यक्ष मण्डल र उपाध्यक्ष मण्डलसँग आवश्यक समन्वय गरी सङ्गठन परिचालन र आन्दोलन सञ्चालनको नेतृत्व गर्ने ।

२) मार्गदर्शक मण्डल, उपाध्यक्ष मण्डल, कार्यसम्पादन समिति र सचिवालय बीच आवश्यक समन्वय गर्ने ।

३) कार्यसम्पादनको बैठक आयोजना गरी एजेन्डा पेश गर्ने र बैठकले गरेका निर्णयहरु आवश्यक सम्प्रेषण तथा कार्यान्वयन गर्ने ।

४) अभियानको रणनीतिक नेतृत्व गर्ने ।

५) तोकिएको अन्य काम गर्ने।

**धारा ११ : सह-महासचिवः**

संगठन निर्माण र परिचालन गर्न सक्ने क्षमतावान व्यक्तिलाई कार्यसम्पादन समितिको बैठकबाट चयन गरिनेछ ।

**काम,कर्तव्य र अधिकार**

१) महासचिवलाई सहयोग गर्ने।

२) कार्यसम्पादन बैठकले तोकेको विभाग वा क्षेत्रगत/ विषयगत जिम्मेवारी सम्हाल्ने ।

३) कार्यसम्पादन समितिको बैठकले गरेको निर्णय कार्यान्वयन गर्ने।

**धारा १२ . सचिव**

संगठन निर्माण र परिचालन गर्न सक्ने व्यक्तिलार्य कार्यसम्पादन समितिको बैठकबाट चयन गरिनेछ।

**काम,कर्तव्य र अधिकार**

१) सह-महासचिवलाई सहयोग गर्ने।

२) कार्यसम्पादन बैठकले तोकेको विभाग वा क्षेत्रगत/ विषयगत जिम्मेवारी सम्हाल्ने।

३) कार्यसम्पादन समितिको बैठकले गरेको निर्णय कार्यान्वयन गर्ने।

**धाराः १३ सचिवालय समिति**

उपाध्यक्ष, सहमहासचिव, सचिवहरू सहित एक तिहाई केन्द्रीय सदस्यबाट चयन हुने

**काम,कर्तव्य र अधिकार**

१) कार्यसम्पादन समितिले गरेको निर्णय कार्यान्वयन गर्ने ।

२) संगठन परिचालन र आन्दोलन सञ्चालन सम्बन्धमा आवश्यक निर्णय गर्ने।

३) विभागीय समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने।

**धारा :१४ केन्द्रीय कार्यसमिति**

उपाध्यक्ष मण्डल , महासचिव र सहमहासचिवको सिफारिसमा ४०% र प्रदेश, जिल्ला समितिको सिफारिसमा ६० % कार्यसम्पादनबाट मनोनयन हुने गरी न्यूनतम ३०१ जनाको केन्द्रिय कार्यसमिति चयन गरिनेछ ।

**काम कर्तव्य र अधिकार**

१) मोर्चाको राष्ट्रिय नीति, सिद्धान्त र रणनीतिक योजनाहरू निर्माण गर्ने। सबै प्रदेश र क्षेत्रीय समितिलाई निर्देशन, समन्वय र नियन्त्रण गर्ने। राष्ट्रिय स्तरका मुद्दामा आधिकारिक धारणा सार्वजनिक गर्ने।

२) कार्यसम्पादन समितिले गरेका  निर्णयहरु कार्यान्वयन गर्ने।

३) सम्पूर्ण विभागीय प्रतिवेदनहरु अनुमोदन  गर्ने ।

४) संगठनका सम्बन्धमा दीर्घकालीन निर्णयहरु लिने ।

५) नीति, पद्धति र योजनाहरु निर्माण र विकास गर्ने।

**धारा १५ : प्रवक्ता र सहप्रवक्ता**

कार्यसम्पादन समितिले  प्रवक्ता र सह प्रवक्ता चयन गर्नेछ।

(क)प्रवक्ता:

**काम, कर्तव्य र अधिकार**

१)संगठनको धारणा सार्वजनिक गर्ने

२)प्रेस विज्ञप्ति र मिडिया संयोजन गर्ने

३)भ्रम निवारण  गर्ने

(ख) सहप्रवक्ता:

**काम, कर्तव्य र अधिकार**

१)प्रवक्तालाई सहयोग गर्ने

२)क्षेत्रीय तथा विषयगत  धारणा सार्वजनिक गर्ने

३)सामाजिक सञ्जालको प्रयोगमा प्रतिनिधित्व गर्ने

**धारा १६ : कार्यालय प्रमुख**

प्रशासनिक संयोजन कर्ताको रुपमा एक कार्यालय प्रमुख रहनेछ ।

**काम,कर्तव्य र अधिकार**

१) बैठकको सूचना दिने , पत्राचार, सम्पर्क व्यवस्थापन गर्ने

२) दैनिक कार्यालय सञ्चालन र दस्तावेज व्यवस्थापन गर्ने

३) महासचिव र सचिवालयलाई सहयोग गर्ने

**धारा १७ : केन्द्रीय विभाग गठन, भूगोल संगठन विस्तार, शुभेच्छुक संगठन, सदस्यता, पदाधिकारी नियुक्ति प्रक्रिया**

१) प्रत्येक केन्द्रीय विभागहरुको केन्द्रमा उपाध्यक्ष, महासचिव, सहमहासचिव, सचिव वा आवश्यकता अनुसार केन्द्रीय कार्यसमिति सदस्यको संयोजनमा ७ जना सम्मको समिति रहनेछ ।

२) शुभेच्छुक तथा जनसंगठनहरु : सनातन युवा मोर्चा, सनातन विद्यार्थी मोर्चा, सनातन मातृ शक्ति मोर्चा तथा पेशागत मोर्चाहरूमा आवश्यकता अनुसार संगठन निर्माण गरिनेछ ।

३) प्रदेशदेखि वडासम्मका संगठनहरु तथा शुभेच्छुक संगठनहरु समितिले पूर्णता नपाउञ्जेल संयोजक, सहसंयोजक र सदस्य सचिव तोकेर एकरुपतापूर्वक संगठन सञ्चालन गरिनेछ।

४) आधार वड, नगर, क्षेत्र, जिल्ला, प्रदेश, केन्द्र र सचिवालय हुँदै कार्यसम्पादन सदस्यको नियुक्ति प्रक्रिया तल्लो समितिको सिफारिस र माथिल्लो समितिको अनुमोदनमा नियुक्त हुने संगठनात्मक पद्धतिलाई अवलम्बन गरिनेछ ।

२) मार्गदर्शक अध्यक्ष मण्डल, सल्लाहकार समिति, उपाध्यक्ष मण्डल र सनातन बौद्धिक मञ्चको गठन तथा विविध सिफारिसलाई कार्यसम्पादन समितिबाट अनुमोदन गर्नुपर्नेछ ।

६) केन्द्रीय संरचना तोकिएबमोजिम पूर्ण हुनेछ भने प्रदेश, जिल्ला, स्थानीय तह र वडा समिति पूर्ण बनाउन तत् तत् स्तरीय धार्मिक-सांस्कृतिक, राजनैतिक,सामाजिक, गोत्रीय, मन्दिर, गुम्बा, टोल सुधार, महिला समुह, युवा क्लब, विद्यालय व्यवस्थापन समितिहरु सवैसँग चरणबद्ध अन्तर्क्रिया र गोष्ठी आयोजना गरी सोही संगठनहरुबाट नेतृत्व हुने गरी आपसी सहमति र छलफलबाट तत् तत् स्तरका समितिहरुलाई पूर्णता दिइनेछ ।

**धारा १८ : बैठक तथा निर्णय प्रक्रिया**

१) मार्गदर्शक अध्यक्ष मण्डलः आवश्यकता अनुसार धेरै पटक बस्नेछ ।

२) कार्यसम्पादन समितिः  महिनामा एकपटक अनिवार्य र आवश्यकता अनुसार बस्नेछ । कार्यसम्पादन समिति, सचिवालय र  केन्द्रीय समितिको  बैठकको सञ्चालन महासचिव वा महासचिवले तोकेको सह महासचिवले गर्ने।

३) सचिवालय महिनामा  १ पटक, केन्द्रीय समिति ३ महिनामा एकपटक वा आवश्यकता अनुसार, प्रदेश समिति महिनामा एकपटक,जिल्ला समिति महिनामा २ पटक, स्थानीय समितिहरु महिनामा एक पटक र वडा समितिहरुको महिनामा एकपटक अनिवार्य बैठक बस्नुपर्नेछ। केन्द्रीय विभागहरुको बैठक पनि महिनामा एकपटक अनिवार्य र आवश्यकता अनुसार बस्नुपर्नेछ।

४) बहुमतको निर्णय मान्य हुने अल्पमतको भावना तथा विचारलाई कदर र सुरक्षित गरिने पद्धति अवलम्बन गरिनेछ ।

**धारा १९ : सांगठनिक तथा  वैचारिक अनुशासन तथा आचारसंहिता**

१) संगठनले तय गरेको मुख्य लक्ष्य प्राप्तिका लागि मन, वचन र कर्मले पूर्णरुपमा प्रतिबद्ध रहदै त्याग, सेवा, राष्ट्र प्रेम र सनातन निष्ठामा संगठनको हरेक तहका नेतृत्वहरू  रहनुपर्नेछ।

२) सांगठनिक ढाँचालाई पूर्णरुपमा आत्मसात गर्नुपर्नेछ । बैठकले गरेको निर्णय सर्वोपरि हुनेछ । जुनसुकै समितिको बैठकले पारित गरेका निर्णयहरु विरुद्ध फरक मत लिखित रुपमा दर्ज गर्न र सम्बन्धित नेतृत्व वा समितिसमक्ष छलफल गर्न निषेध गरिने छैन तर निर्णयहरु विरुद्ध सार्वजनिक अभिव्यक्ति दिन पाइनेछैन । व्यक्तिभन्दा  संगठन पहिलो र संगठनभन्दा राष्ट्र र धर्मलाई मूख्य मान्ने सिद्धान्तलाई प्रत्येक तहको नेतृत्वले आत्मसात गर्नुपर्नेछ।

३) संगठनका पदाधिकारी र कुनै पनि तहको नेतृत्वका विरुद्ध  न्यायिक संस्था वा अनुशासन समितिको सिफारिसमा कार्यसम्पादन समितिले  दोषी प्रमाणित  नगर्दासम्म सार्वजनिक रुपमा टिप्पणी, निन्दा वा आक्षेप  गर्न पाइनेछैन ।

४) प्रत्येक तहको नेतृत्वले जानकारी विना ३ पटकभन्दा बढी अनुपस्थित रहेमा सो विषयमा अनुशासन समितिको सिफारिसमा कार्यसम्पादन समितिले गरेको निर्णयमा नैतिक  जिम्मेवारी स्वयंमा  रहनेछ ।

५) परस्पर व्यावहारिक  अनुशासनका सवालमा  संगठनका कुनै पनि तहको नेतृत्वले कुनै पनि तहको नेतृत्वलाई संस्थाको उदेश्य विपरीतका संघ,  सस्था,सम्प्रदाय, राजनैतिक दल, लेनदेन तथा व्यावसायिक उदेश्य प्राप्तिका लागि दबाब वा परिचालन गर्न  पाउने छैन।

माथि उल्लेखित आचार संहिता पालना गर्दै उद्देश्य प्राप्ति लागि यथासम्भव आदर्श पालना गर्दै लाग्नुपर्नेछ।

**धारा २० अनुशासन र कारबाही**

अनुशासनहीन कार्यः यो आचारसंहिताको उल्लङ्घन गर्ने, मोर्चाको मर्यादामा आँच पुर्याउने, आर्थिक अनियमितता गर्ने वा नैतिक स्खलन हुने कुनै पनि कार्य अनुशासनहीन कार्य मानिनेछ।

**कारबाहीको प्रक्रियाः**

- अनुशासनहीन कार्य गर्ने सदस्य वा पदाधिकारीलाई सम्बन्धित समितिले स्पष्टीकरण माग्नेछ।
- स्पष्टीकरण सन्तोषजनक नभएमा वा गम्भीर प्रकृतिको उल्लङ्घन भएमा सम्बन्धित समितिले निलम्बन वा निष्कासन कारबाही गर्न सक्नेछ।
- कारबाही सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार केन्द्रीय अनुशासन समितिको सिफारिसमा कार्यसम्पादन समितिमा रहनेछ।
- नेतृत्वको काम र कर्तव्य प्रति नियमित रुपमा अनुगमन तथा निरीक्षण गरिनेछ ।

**धारा २१ संरक्षणको अवधारण**

- आचार संहिताको पालना गर्दै निर्धारित समयमा सांगठनीक जिम्मेवारी पूरा गर्ने नेतृत्वलाई जिम्मेवारीको उच्च मूल्याङ्कन गर्दै विशेष कदर गरिनेछ ।
- समस्या तथा गुनासोको सम्बन्धित समितिले वा नेतृत्वले यथोचित् सुनुवाई गर्नेछ ।

**धारा २२ सञ्चार एकाइ, सूचना सञ्चार विधि र प्रक्रिया**

मोर्चाको विचार, नीति र सूचनाको प्रवाहलाई व्यवस्थित गर्नका लागि निम्न सञ्चार प्रणाली अपनाइनेछ।

क. सञ्चार एकाइको गठनः केन्द्रीय, प्रदेश र क्षेत्रीय स्तरमा एक-एक सञ्चार एकाइ गठन गरिनेछ। यस एकाइको प्रमुख जिम्मेवारी मोर्चाको आधिकारिक सूचना र सन्देशलाई आन्तरिक तथा बाह्य रूपमा व्यवस्थित तरिकाले प्रवाह गर्नु हुनेछ ।

ख. सूचना सञ्चार विधि र प्रक्रियाः

आधिकारिक सञ्चारः

ग.	मोर्चाको कुनै पनि आधिकारिक सूचना, विज्ञप्ति वा निर्णय सञ्चार एकाइ मार्फत वा तोकिएको प्रवक्ताले मात्रै जारी गर्न पाउनेछन्।

घ.	कुनै पनि तहका समितिले जारी गर्ने सूचना वा विज्ञप्ति आधिकारिक लेटर हेड र तोकिएको पदाधिकारीको हस्ताक्षरमा मात्रै मान्य हुनेछ।

आन्तरिक सञ्चार:

क. केन्द्रीय समितिले प्रदेश समितिहरूलाई, प्रदेशले क्षेत्रीय समितिहरूलाई र क्षेत्रीयले नगर र गाउँ समितिहरूलाई आधिकारिक इमेल वा सुरक्षित समूह (Official Group) मार्फत मात्रै सूचना र निर्देशन पठाउनेछन्।

ख. गाउँ र क्षेत्रीय समितिहरूले आफ्ना गतिविधि, रिपोर्ट र समस्याहरू सम्बन्धित माथिल्लो समितिलाई नियमित रूपमा जानकारी गराउनुपर्नेछ।

ग.	कुनै पनि सदस्य वा पदाधिकारीले आन्तरिक छलफलमा उठेका विषयलाई बाह्य सार्वजनिक माध्यममा व्यक्तिगत रूपमा प्रस्तुत गर्न पाउने छैनन्।

**धारा २३. सदस्यता प्रकार**

क) साधारण सदस्य : सनातन धर्म-संस्कृति,  परम्परा, सभ्यता र दर्शनमा आस्था राख्ने हरेक सनातानीहरुलाई साधारण सदस्यको रुपमा आत्मसात गरी साधारण सदस्य प्रदान गरिनेछ।  जसको न्यूनतम शुल्क रु २० हुनेछ।

ख) संगठित सदस्य : मोर्चाको कुनै पनि तहको समितिमा रहेर काम गर्ने व्यक्तिलाई संस्थाको संगठित सदस्य प्रदान गरिनेछ। जसको न्यूनतम शुल्क  रु १०० हुनेछ।

ग) संस्थागत सदस्य: मोर्चाको कुनै पनि तहको समितिमा आबद्ध हुने संघ-संस्थालाई संस्थागत संगठित सदस्य प्रदान गरिनेछ। जसको न्यूनतम शुल्क  रु १०००  हुनेछ।

घ) विशिष्ट सदस्य: सनातन धर्म-संस्कृति, परम्परा र सभ्यताको क्षेत्रमा विशिष्ट योगदान गरेका राष्ट्रिय व्यक्तिहरुलाई केन्द्रीय कार्यसम्पादन समितिले विशिष्ट सदस्य प्रदान गर्नेछ।

**धारा २३ : अन्तिम प्रावधान**

क. यो कार्यविधि स्थायी विधान निर्माणसम्म लागू हुनेछ।

ख. मार्गदर्शक मण्डल, सनातन बौद्धिक मञ्च र सल्लाहकार परिषद् समेतको सल्लाह तथा परामर्श लिएर कार्यसम्पादन समितिले आवश्यक संशोधन गर्नेछ ।

**अनुसूची १ : सदस्यताको नमुना**

## सनातन संयुक्त मोर्चा नेपाल

सदस्यता नम्बर :

मिति :

नाम :

ठेगाना :

फोन नम्बर :

सदस्यता प्रकार/पद :

स्वेच्छिक सहयोग :

सदस्यता दिनेको नाम हस्ताक्षर : सदस्यता लिनेको हस्ताक्षर

अनुसूची २

## नैतिक शपथ

म........................................ (नाम) ईश्वरलाई साक्षी राखी सनातन संयुक्त मोर्चा, नेपाल २०८२ को ...............................सदस्यको रूपमा यो आचारसंहिताको पूर्ण पालना गर्नेछु। म आफ्नो काम, कर्तव्यप्रति इमानदार रहँदै, नैतिक र अनुशासित व्यवहारका साथ मोर्चाको लक्ष्य प्राप्तिका लागि सदैव समर्पित रहनेछु। म देश, जनता र वैदिक सनातन धर्म-संस्कृति, परम्परा र सभ्यताको संरक्षणका लागि अविचलित रूपमा काम गर्नेछु ।

अनुसूची ३ संस्थाको छाप र लेटर हेडको नमुना

🕉️ जय सनातन! जय राष्ट्रवाद!